वैठक संख्याः ६७

आज मिति २०७८।०२।२५ गते मंगलबारका विहान १०:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | अनुपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | उपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | उपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | अनुपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | अनुपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजन कुमारी राजवंशी | सदस्य | अनुपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | अधिकृतस्तर सातौ | उपस्थित |
| २ | धनमाया राई | अधिकृतस्तर सातौ | उपस्थित |
| ३ | कृष्ण न्यौपाने | एम.आई.एस. अपरेटर | उपस्थित |

**प्रस्तावहरु**

१. चालु आ.व. को योजनाहरुको म्याद सम्बन्धमा।
२. कोरोनाबाट मृतकहरुको सम्बन्धमा ।
३. एक्सरे मेशिन खरीद सम्बन्धमा ।
४. राजस्व अनुमान सम्बन्धमा ।
५. विविध ।

**निर्णयहरु**

**निर्णय नं.१ :** चालु आ.व. २०७७।७८ मा संझौता भई संचालित योजना तथा कार्यक्रमहरु हालको कोभिड-१९ को दोस्रो चरणको माहामारीको बन्दाबन्दीको कारण समय सिमा भित्र सम्पन्न हुन नसेकाको कारण त्यस्ता सबै योजना र कार्यक्रमहरु २०७८ असार १५ गते सम्म म्याद थप गर्ने तथा वडा नं. ५ को सिफारिस बमोजम ब.शि.नं. ३१८ को आईतवारे सिचाई योजना संचालन गर्न बजेट कम हुने भएकोले उक्त योजनालाई वडाभित्रका सडक मर्मत योजनामा र नगरस्तरिय ब.शि.नं. २१ को लघु उद्यम दलित उद्यमशिलता विकास कार्यक्रमलाई दलित संग्रहालयमा परम्परागत सामाग्री खरिद कार्यक्रम परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:** बेलबारी नगरपालिका भित्र स्थायी बसोबास गर्ने कोरोना भाईरसको महामारीको कारण संक्रमित भई मृत्यु भएका परिवारलाई राहत स्वरुप प्रतिव्यक्ति रकम रु. ५०,०००/- (अक्षरुपी पचास हजार मात्र) राहत सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** नेपाल सरकारको नीति बमोजिम स्थापना भई संचालनमा रहेको पाँच शैयाको कोभिड अस्पतालका लागि १ थान एक्सरे मेसिन खरिद गर्न आवश्यक भएकोले ब.शि.नं. ४१ को अतिविपन्न परिवार खाद्य सुरक्षा कार्यक्रम शिर्षकबाट रु. ३०,००,०००.०० अक्षेरुपी तीस लाख नगरसभाबाट अनुमोदन हुने रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं. ४ को हकमा थप गृहकार्य आवश्यक भएकोले पुनः मिति २०७७।०२।२७ गते दिउसो २:०० बजे वैठक बस्ने गरि अध्यक्षबाट वैठक स्थगन गरियो ।